# उच्च माध्यमिक विद्यालयको स्रोत व्यवस्थापन

त्रिभूवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विषय, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्ष
(कोर्ष नं.५९८)को आंशिक आवश्यकता
पूरा गर्नकालागि तयार पारिएको

**शोध पत्र**

शोधकर्ता
लक्ष्मीप्रसाद दुलाल
क्याम्पस रोल्नं. २४३
परीक्षा रोल्नं २१०४११
त्रि.वि.दर्ता नं. २५३०–८६
शैक्षिक वर्ष : (०६५/०६६)

**सुकुना बहुमसखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**ईन्द्रपुर, मोरङ**
**२०७०**

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि *उच्च माध्यमिक विद्यालयको स्रोत व्यवस्थापन* शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छ । यस शोध कार्यमा सुरुदेखि अन्तसम्म नियमित निर्देशन र महत्वपूर्ण सुझावहरू दिई पथ प्रदर्शन गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख श्री पितकुमार श्रेष्ठ , विभागीय प्रमुख  श्री लक्ष्मी कुमार श्रेष्ठ र शोधनिर्देशक श्री गणेश प्रसाद दाहाल प्रतिसर्वप्रथम हृदय देखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यो शोध कार्यलाई पूर्णता दिन आवश्यक तथ्याङ्क उपलब्ध गराई दिनु हुने  तेह्रथुम जिल्लाका छनौटमा परेका चारवटा उच्च माध्यमिक विद्यालयहरू प्रति आभार  व्यक्त गर्दछु । शोध कार्यलाई पूरा गर्न शोधकर्तालै पठाएको प्रश्नवली भरेर वा अन्तरवार्तामा सहभागी भई सहयोग गर्नु हुने नमूना विद्यालयको प्राचार्य, स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, सम्बन्धित विद्यालयका शिक्षक तथा कर्मचारीहरू सबैमा कृतज्ञता व्यक्त गर्दछु । आफ्नो अमूल्य समय, साधन र स्रोत खर्च गरेर शोधपत्रमा विशेष सहयोग पुर्‍याउने प्राणनाथ दाहाल , उच्च शिक्षा प्राप्त गर्ने अवसर एवम् प्रेरणा तथा हौसला प्रदान गर्नु भएकोमा मेरा आदरणीय वुवा केवलराम,आमा वसन्धरा,श्रीमती लिला र उक्त  कार्य सम्पन्न गर्नका लागि सामग्रीहरू संकलन गर्न सहयोग पुर्‍याउने छोराहरू सुजन, विवेक  एवं परिवारका अन्य सदस्यहरूप्रति सदैव आभारी छु ।

अन्त्यमा यो शोधकार्यलाई पूर्णता दिन प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरू र शोधपत्र टाइप गरी अमूल्य सहयोग गरिदिनु हुने प्राणनाथ दाहाल पुनःकृतज्ञतका पात्रको रुपमा स्वीकार गर्दै धन्यवाद दिन चाहन्छु । यो शोधपत्र सम्बद्ध सबै व्यक्ति तथा संघ संस्थाहरूका लागि उपयोगी हुने विश्वास समेत गरेको छु ।

लक्ष्मीप्रसाद दुलाल

# शोधसार

**उच्च माध्यमिक विद्यालयको स्रोत व्यवस्थापन** शीर्षकमा यो शोध अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य उच्च माध्यमिक विद्यालयमा मानवीय स्रोत व्यवस्थापनको वर्तमान स्थितिको विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनमा उद्देश्यपूर्ण नमूना छनौट विधि प्रयोग गरी तेह्रथुम जिल्लाका २९ वटा उच्च माध्यमिक विद्यालयहरू मध्ये तेह्रथुम जिल्लाका मोराहाङ र जलजले स्रोतकेन्द्रका चारवटा उच्च माध्यमिक विद्यालय र त्यहाँ कार्यरत प्रचार्य, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र सम्बन्धित विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग प्रश्नावली, अन्तरवार्ता, अवलोकन, छलफल, स्थलगत सर्वेक्षण, अभिलेख अध्ययनका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । संख्यात्मक र गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । उच्च माध्यमिक विद्यालयको स्रोत व्यवस्थापनमा संलग्न प्राचार्य, स्रोतव्यक्ति, वि.व्य.स अध्यक्ष र सम्बन्धित अन्य पक्ष वीचको प्रत्यक्ष सम्बन्धले मानवीय संसाधन व्यवस्थापनलाई प्रभाव पर्ने र शिक्षक तथा कर्मचारीको छनौट वैज्ञानिक ढंगले गरी उचित काम दिनाले कार्यसम्पादन राम्रो हुने हुँदा व्यवस्थापनका सिद्धान्तहरू मध्ये एफ, डब्लु, टायलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त तथा जर्ज इल्टन मायो र मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्तलाई यस शोध अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

यस अध्ययमा उच्च माध्यमिक विद्यालयहरूमा मानवीय स्रोतको व्यवस्थापन प्रक्रिया खुल्ला विज्ञापनबाट कम र आन्तरिक विज्ञापन तथा सिफारिसबाट बढी भएकोले पूर्ण निष्पक्ष नभएको पाइयो । विद्यालयमा उपलब्ध विषयअनुसारका विषयगत योग्यता र दक्षता भएका शिक्षकहरूको संख्या थोरै मात्र भएतापनि तालिम भने बहुसंख्यक शिक्षकले लिएको पाइयो । गैह्र शिक्षण कर्मचारीको कार्यदक्षता बढाउनका लागि उनीहरूलाई समय समयमा तालिम दिने कार्यमा चाँसो नदेखाएको पाइयो । शिक्षक तथा कर्मचारी भर्ना तथा छनौटमा भर्नाका आन्तरिक र बाह्य दुवै स्रोतका विधिहरूको प्रयोग गरेतापनि त्यसको प्रक्रियागत चरणको पूर्ण रुपमा अवलम्बन नगरेको पाइयो । शिक्षा विभागबाट उ.मा.वि.लाई आधारभूत, कार्यसम्पदान र जोडकोष गरी तीनप्रकारका अनुदानहरू निश्चित आधारमा उपलब्ध गराएता पनि त्यसमा एकरुपता र पर्याप्तता देखिएन । महंगीको अनुपातमा शिक्षक तथा कर्मचारीलाई दिइने तलब भत्तामा बृद्धि नभएको तथा गैह्र शिक्षण कर्मचारीको तलबमान नेपाल सरकारको

प्रचलित तलबमान भन्दा न्यून रहेको पाइयो । मानवीय स्रोत व्यवस्थापनका लागि गरिने भर्ना तथा छनौट प्रक्रिया पूर्ण नभएको, शिक्षण कर्मचारीको छनौटका लागि खुल्ला विज्ञापन आव्हान गरेपनि विषयगत योग्यता र दक्षता भएका व्यक्तिको पूर्ण छनौट  गर्न नसकिएको, कर्मचारीलाई दिइने तलब भत्ता न्यून भएको र शिक्षक तथा कर्मचारीको पेशागत स्थायीत्व र सुरक्षा नभएको देखिन्छ । कर्मचारीको नियुक्ति नगरी शिक्षण कर्मचारीलाई नै दोहोरो जिम्मेवारी दिएको र शिक्षा विभागबाट प्रदान गरिने अनुदान रकम पर्याप्त नभएको देखिएको छ ।

उच्च माध्यमिक विद्यालयमा विषयगत योग्यता र दक्षता भएका मानवीय स्रोतको खोजी गरि तिनलाई यसतर्फ आकर्षण गर्न हाल विद्यालयको संरचनामा रहेको अन्यौलता हटाई कक्षा ११ र १२ लाई विद्यालय शिक्षाको संरचनामा ल्याएर सरकारले  पर्याप्त स्थायी दरबन्दीको सृजना गर्न आवश्य नीति नियम निर्माण गर्नुपर्ने, शिक्षक तथा कर्मचारी छनौटका लागि निष्पक्ष आयोग गठन गर्नुपर्ने, कर्मचारीको विकासका लागि तालिम र समय अनुसार तलब भत्तामा बृद्धि गर्नुपर्ने, एकै व्यक्तिलाई दिइएको दोहोरो जिम्मेवारी हटाई वैज्ञानिक ढंगले कामको बाँडफाँड गर्नुपर्ने र शिक्षा विभागले उच्च माध्यमिक विद्यालयलाई दिने आर्थिक अनुदानका आधारहरूलाई वैज्ञानिक र पारदर्शी बनाई अनुदानमा बृद्धि गर्नुपर्ने सुझावहरू दिइएको छ ।

# विषय सूची

क.सं. पेज न.

## परिच्छेद एक : परिचय

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ६

१.३. अध्ययनको औचित्य ७

१.४. अध्ययनको उद्देश्य ९

१.५. अनुसन्धानात्मक प्रश्नहरू ९

१.६. अध्ययनको परिसीमा १०

## परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनारावलोकन तथा सैद्धान्तिक खाका

२.१. सम्बन्धित साहित्यको पुनारावलोकन ११

२.२. अध्ययनको सैद्धान्तिक खाका १६

२.३. शैक्षिक उपादेयता १९

## परिच्छेद तीन : अध्ययन विधि

३.१. अनुसन्धानात्मक ढाँचा २०

३.२. जनसंख्या तथा नमूना छनोट २१

३.३. नमुना छनौटका आधारहरु २२

३.४. अध्ययनका साधानहरू २२

३.५. तथ्याङ्कका स्रोतहरू २३

३.६. तथ्याङ्क सङ्कलन प्रक्रिया २४

३.७. तथ्याङ्क व्याख्या तथा विश्लेषण २४

## परिच्छेद चार : नतिजाको विश्लेषण


४.१. मानबीय स्रोत व्यवस्थापनको अबस्था २५

४.१.१.शिक्षक व्यवस्थापनको अवस्था २६

४.१.२. विषयगत शिक्षक व्यवस्थापनको अवस्था २७

४.१.३. शिक्षकको कार्य वोभ्कको वर्तमान अवस्था २८

४.१.४. शिक्षकहरूलाई प्रदान गरिएको सेवा ,सुविधाको व्यवस्था २९

४.१.५. शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन व्यवस्था ३०

४.१.६. कर्मचारी व्यवस्थापनको अवस्था ३०

४.१.७. कर्मचारीहरूको कार्यबोभ्क ३१

४.१.८. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन व्यवस्था ३२

४.२.मानवीय स्रोतको खोजी भर्ना तथा छनोटका आधारहरू ३२

४.२.१. पद सिर्जना गर्ने तरिका ३२

४.२.२.विज्ञापन गर्ने कार्यविधि ३३

४.२.३. शिक्षक कर्मचारी छनौट गर्ने तरिका ३३

४.२.४.शिक्षक कर्मचारी भर्ना गर्ने तरीका ३५

४.२.५. शिक्षक कर्मचारीहरूको लागि अभिमुखिकरण गर्ने तरिका ३५

४.३. मानव स्रोत व्यवस्थापनका आर्थिक पक्षहरु ३६

४.३.१. चन्दा तथा चन्दासंकलन तरिका ३७

४.३.२. विद्यार्थीको शुल्क ३७

४.३.३. स्थानिय अनुदान ३८

४.३.४. सरकारी अनुदान ३९

४.३.५. आन्तरिक स्रोत ४०

४.४. मानवीय स्रोत व्यवस्थापन र अनुदानका समस्याहरू ४०

४.४.१. भौगोलिक विकटता ४१

४.४.२. आर्थिक समस्या ४२

४.४.३. उत्प्रेरणाको अभाव ४२

४.४.४.छनौट प्रक्रियामा अपारदर्शिता ४३

४.४.५. दोहोरो जिम्मेवारी ४३

४.४.६.कार्यदक्षता मूल्याङ्कनको अभाव ४४
४.४.७. पेशागत सुरक्षाको अभाव ४४
४.५.मानव स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउँने उपायहरू ४४
४.५.१. भौगोलिक विकटता को समाधानको उपाय ४५
४.५.२. आर्थिक समस्याको समाधान ४५
४.५.३. उत्प्रेरणाको उचित व्यवस्था ४६
४.५.४. छनोट प्रक्रियामा पारदर्शिता ४६
४.५.५. दोहोरो जिम्मेवारीको अन्त्य ४७
४.५.६.कार्यदक्षता मूल्याङ्कनको व्यवस्था ४७
४.५.७. पेसागत सुरक्षाको व्यवस्था ४८

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१. प्राप्ति ४९
५.२. निष्कर्ष ५१
५.३. सुझावहरू ५२
सन्दर्भ ग्रन्थहरू
परिशिष्टहरू

## अध्ययनमा समावेश शब्दावलीहरूको परिभाषा तथा पूरा रुप

उ.मा.वि. - उच्च माध्यमिक विद्यालय

उ.मा.शि.प.- उच्च माध्यमिक शिक्षा परिषद

वि.सं.- विक्रम संवत्

रा.शि.प.यो.- राष्ट्रिय शिक्षा पद्धतिको योजना

TQM - Total Quality Management

TM – Team Management

सरोकारवाला - यस अध्ययनको लक्षित समूहसँग सरोकार राख्ने संघ संस्था वा व्यक्तिहरूलाई सम्झनु पर्छ ।

स्थायी सम्बन्धन - अस्थायी सम्बन्धन प्राप्त उ.मा.वि.हरू मध्ये सम्बन्धन सम्बन्धि नियम २.१ अनुसार स्थायी स्वीकृती ।

ऐन तथा नियमावली - शिक्षा ऐन तथा नियमावली जसले उच्च माध्यमिक शिक्षा ऐन तथा नियमावलीलाई समेत बुझाउँछ ।

शिक्षण कर्मचारी - विद्यालयमा अध्ययापन कार्यका लागि नियुक्त शिक्षक ।

गैह्र शिक्षण कर्मचारी - विद्यालयको प्रशासनिक कार्य गर्नको लागि नियुक्त व्यक्ति ।